जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

व.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ | अंक ३१ | २०८० साल चैत ४ गते आइतवार (17 Mar. 2024 Sunday) | मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** एक सय १० जना भुमिहिन, दलित र ... **पृष्ठ ३ मा :** महिला अधिकारका मुद्दामा ... **पृष्ठ ४ मा :** बुढ्यौलीको सहारा स्वास्थ्य ... **पृष्ठ ५ मा :** बुबाआमाको सम्झनामा ...

# टेलर्समा आगलागीहुँदा २२ लाखको क्षती एक दर्जन बढी कामदार समस्यामा



**राजविराज**/ राजविराज वडा नं. ८ रुपनी रोडस्थित कृष्ण टेलर्स एण्ड गार्मेन्टमा शुक्रबार मध्यराती आगलागि हुँदा २० लाख भन्दा बढी मुल्य बराबरको क्षति भएको छ ।

आगो निभाउन तत्काल बारुणयन्त्रणको उपाय हुन नसक्दा ठुलो क्षति भएको हो । उक्त टेलर्स एण्ड गार्मेन्टसका संचालक रोहित साहका अनुसार आगलगीबाट पसलभित्रका सबै सामग्री जलेर नष्ट हुँदा आफुसहित यहाँ कार्यरत १६ जना कामदारको समेत विचल्ली भएको छ ।

आगलगीबाट पसलमा रहेको २० वटा सिलाई मेसिन, सयौंको संख्यामा सिलाई गरि राखिएका लुगा, आइरन र फर्निचरहरु जलेर नष्ट हुँदा २२ लाख बराबरको क्षति भएको संचालक साहले जानकरी दिए ।

राती ८ बजेतिर पसल बन्द गरी घरमा खाना खाई सुतिरहेका बेला अचानक राती १ बजेतिर रात्री गस्तीमा रहेका प्रहरीले तपाईको पसलमा आगो लागेको छ, तु आउनुस् भनी खबर गरेपछि आफु हतार हतारमा पसल पुगेको साहले बताए ।

आगो निभाउन आफुले तत्कालै राजविराज नगरपालिकाको बारुणयन्त्र शाखामा फोन गरी मद्दत मागे पनि डिउटीमा रहेका कर्मचारीले वारुणयन्त्र बिग्रीएको छ भन्दै फोन काटिदिएको उनले सुनाए ।

राजविराज नगरपालिका वारुणयन्त्र शाखाका इन्चार्ज भरत पोखरेलले नगरपालिकासँग रहेको दुईटा वारुणयन्त्र मध्ये एउटा पहिलेदेखि नै बिग्रीएर थन्किएको तथा अर्को वारुणयन्त्र पनि एक साता अघि विग्रीएपछि मर्मतका लागि लहान पठाइएको बताएका छन् ।

सोही कारणले आगलगी भएको स्थलमा वारुणयन्त्र पठाउन नसकिएको उनले लाचारी सुनाए । राजविराज नगरपालिकाको वारुणयन्त्र नआउने भएपछि साहले राजविराजस्थित मधेश प्रदेश प्रहरी तालिम केन्द्रलाई गुहारेका थिए । तर सो बेला उक्त केन्द्रको वारुणयन्त्र पनि राजविराजबाट १३ किलोमिटर टाढा रहेको पत्थरगाडामा आगो निभाएर फर्किंदै गरेकाले ढिलो हुन गएको साहले बताए ।

सनराईज बैंकमा जग्गा धितो राखि ऋण उठाएर संचालनमा ल्याएको टेलर्स एण्ड गार्मेन्ट आगलगीबाट खरानी भएपछि साह परिवार चिन्तामा डुबेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डीराज नेउपानेले आगलगीको कारण खुल्न नसकेको बताए । उनले संचालकले टिपाएको विवरणअनुसार २० देखि २२ लाखसम्मको क्षति भएको प्रारम्भिक अनुमान गरिएको र आगलगी घटनाबारे थप अनुसन्धान भइरहेको जनाएका छन् ।

# जेसिआई एक्सन फ्रेमवर्क तालिम सम्पन्न



**राजविराज**/राजविराज जेसीजको आयोजनामा जेसिआई एक्सन फ्रेमवर्क तालिम शनिबार जेसिज सभा हलमा सम्पन्न भएको छ ।

उक्त तालिममा राजविराज जेसिज वर्ष २०२४ का सम्पूर्ण पदाधिकारीहरू, नयाँ सदस्यहरू गरी २७ जनाको उपस्थिति रहेको थियो ।

उक्त तालिममा प्रशिक्षकको नेपाल जेसीज क्षेत्र 'क' का तालिम संयोजक जेसी प्रदीप विष्टको उपस्थिति रहेको थियो ।

यसैगरी राजविराज जेसिज वर्ष २०१३ का अध्यक्ष मनोहर पोखरेल, वर्ष २०२० की अध्यक्ष नानीमैया कटवाल र सप्तरी युथ राजविराजका संयोजक मोहन यादव लगायतको समेत उपस्थिति रहेको थियो ।

तालिमको अध्यक्षता राजविराज जेसिज वर्ष २०२४ का अध्यक्ष विप्लव आनन्द तथा कार्यक्रम संचालन महासचिव पंकज देवले गरेका थिए । तालिम समापन कार्यक्रममा सहभागीलाई प्रमाणपत्र र अतिथिलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# कुखुरा पालक कृषकहरुका लागि आधारभूत तालिम सम्पन्न




**राजविराज**/सप्तरीको राजविराजमा व्यवसायिक कुखुरा पालक कृषकहरुका लागि एकदिने आधारभूत तालिम शनिवार सम्पन्न भएको छ ।

सुनगाभा फिड प्रा.लि. ईटहरी १३ सुनसरीको आयोजनामा सम्पन्न तालिममा कुखुरा पालक किसानहरुलाई खोर निर्माणदेखि कुखुरा पालन र त्यसबाट आम्दानी गर्ने प्रविधिबारे जानकारी गराईएको छ ।

तालिममा सहजीकरण गर्दै डा. जयविक्रम साहले सीप नजानेर देखासिखीको आधारमा कुखुरापालक किसानहरुले नोक्सान उठाउनु परेको बताए । उनले अहिले मधेश प्रदेशका अधिकांश जिल्लामा व्यवस्थित कुखुरा फर्म नभएकै कारण किसानहरु नाफा गर्न सकेको तर्क गरे ।

कुखुरा पालक किसानहरुले खोर निर्माणदेखि चल्लालाई हुर्काउने र जैविक सुरक्षा विधिबारे जानकार नभएकै कारण मिहिनेत गर्दा पनि प्रतिफल पाउन नसकेको प्रति चिन्ता व्यक्त गर्दै डा साहले किसानलाई कुखुरा पालनमा दक्ष बनाउन यो तालिमको आयोजना गरिएको जानकारी दिए ।

उनले द्विपक्षीय अन्तरक्रिया सहितको यो तालिमबाट यहाँका किसानहरु सीप सिकेर कुखुरा पालन गरे राम्रो आम्दानी गर्ने विश्वास समेत व्यक्त गरे । 'अहिलेसम्म किसानहरु देखासिखीकै भरमा कुखुरापालन गर्दै गर्दै आएको छ, सीप र प्रविधिबारे जानकारी नभएकै कारण प्रतिफल राम्रो आउन सकेको देखिएन तर अब यो तालिममा सहभागि किसानले पक्कै पनि अब विधि अनुसार व्यवसाय गरेर राम्रो आम्दानी गर्न सक्छन्' उनले भने ।

सप्तरी जिल्लाका ९० जना कुखुरापालक किसानहरुको सहभागितामा गरिएको सो तालिममा दानाको व्यवस्थापन, चल्लाले दाना खाएको नखाएको जाँच' दाना भण्डाण तथा प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु,जैविक सुरक्षा विधि, खोरमा कुखुरा राख्नु अघि गर्नुपर्ने कामहरु, सफापानी र औषधीको प्रयोग, कुखुरामा लाग्ने रोग तथा प्रयोग गर्नुपर्नै औषधीबारे किसानहरुलाई जानकारी गराईएको थियो ।

**उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं**

वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमाः

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्वदेशमै रोजगारीको अवस्था सृजना गर

नेपालबाट वैदेशिक रोजगारका लागि विदेशिनेहरुको संख्या बढ्दो छ। गरीबी र रोजगारीको अभावका कारण यसरी विदेशिनेहरुको संख्यामा दिनानुदिन वृद्धि हुँदै गएको छ। तर, यसरी रोजगारीका लागि विदेशिनु सुरक्षित छ वा छैन भन्ने बारे विचार पुर्याउनु जरुरी छ। वैदेशिक रोजगारलाई सुरक्षित एवं उपलब्धिपूर्ण बनाउने उद्देश्यले गैरसरकारी संस्थाले परियोजनाहरु संचालन गरिरहेका छन्। ती संस्थाहरुद्वारा उक्त परियोजना अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिरहेका छन्। सूचना केन्द्र स्थापना गरेर विदेश जानेहरुलाई सुसूचित गर्ने कार्यक्रम होस् वा देश परदेश नामक रेडियो कार्यक्रमका मार्फत सचेतना फैलाउने काम होस्- यसबाट विदेश जानेहरु कसरी आफ्ना वैदेशिक रोजगारी सुरक्षित बनाउन सक्छन् भन्ने सन्देश दिइएको छ। यसका अलावा कार्यक्रम संचालित पालिकामा रेडियो श्रोता क्लव गठन भई यसबाट सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि छलफल गरिनुले विदेश जानेहरु यसबाट अत्यन्तै लाभ उठाएका छन्।

वैदेशिक रोजगारीमा जानेहरु पर्याप्त सूचना र जानकारी लिएर नजाँदा एजेन्टबाट वा रोजगारदाताबाट ठगिने जस्ता घटनाहरु विगतमा नभएका होइनन्। तर, अहिले आएर पर्याप्त सूचना र जानकारी प्राप्त गरेर वैदेशिक रोजगारीमा जाने गरेकाले ठगिने घटनामा भने न्यूनता आउन थालेको छ।

विदेश पुगेर ठगिनुभन्दा स्वदेशमै रोजगारीको अवस्था सृजना गर्नेतर्फ ध्यान पुग्नु आवश्यक छ। तीनै तहका सरकारले यसतर्फ गम्भिर रुपमा ठोस नीति बनाई दिर्घकालिन सोच निर्माण गर्नेतर्फ ध्यान पुऱ्याउनु उपयुक्त हुनेछ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एक सय १० जना भुमिहिन, दलित र सुकुम्वासीलाई जग्गाधनी पुर्जा प्रदान

**राजविराज**/सप्तरी जिल्लामा १ सय १० जना भुमिहिन, दलित र सुकुम्वासीले जग्गाधनी पुर्जा प्रदान गरिएको छ।



राष्ट्रिय भुमि आयोग, जिल्ला समिति सप्तरीले बुधवार पत्रकार सम्मेलन गरी विगत दुई वर्षको अवधीमा उक्त संख्यामा जग्गाधनी पूर्जा प्रदान गरिएको जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा आयोगका सदस्य सचिव सुमन किशोर मिश्रले अग्नीसाईर कृष्णासवरण गाउपालिकामा ८५, खडक नगरपालिकाका ९ र सुरुङ्गा नगरपालिकाका १६ गरी १ सय १० जना भुमिहीन, दलित र सुकुम्वासीले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको बताए।

जिल्लाको १८ मध्ये डाक्नेश्वरी नगरपालिका तथा तिलाठी कोईलाडी, महादेवा, तिरहुत, विष्णुपुर, छिन्नमस्ता र राजगढ गाउँपालिकाले हाल सम्म द्विपक्षीय सम्झौता अनुसार भुमिहिनको लगत संकलनका लागी आवश्यक पर्ने सेवा केन्द्र समेत गठन नगरेको उनले गुनासो गरे। कतिपय पालिकाले सम्झौता अनुसार आ-आफ्नो पालिका भित्रका भुमिहीनको लगत संकलन कार्यमा सकृयता नदेखाएको उनले बताए। यसरी जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्ने अधिकांश ती पालिकाका वनजंगल क्षेत्रमा फुसको झुप्रो बनाई वसोवास गर्दै आएकाले प्राप्त गरेको उनको भनाई थियो।

विपन्न समुदायका दलित र सुकुम्वासीहरु रहेको भुमिहिन, दलित र सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित वसोवासीलाई व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारबाट २०७८ भदौ २५ गते गठन भएको समितिले जिल्लाको १८ मध्य तीन पालिकामा उक्त संख्याको जग्गाधनी पूजा प्रदान गरिएको जानकारी दिए।

पत्रकार सम्मेलनमा आयोगका सप्तरी अध्यक्ष हरेराम यादवले दुई वर्षको अवधीमा जिल्लामा गरिएको लगत संकलन अनुसार भुमिहिन दलित ४ हजार ८ सय ६६, सुकुम्वासी २ हजार ३० तथा अव्यवस्थित वसोवासीको संख्या ५ हजार ६ सय ५४ रहेको पाइएको जानकारी दिए।

जसमध्ये प्रविष्टिकरण गरिएको संख्या ७ हजार ७ सय ८१ तथा स्थानीय तहरुबाट प्रमाणिकरण गरिएको संख्या ३ हजार १ सय ९६ रहेको छ। उनले २०७८ चैत्र २३ गते आयोगको जिल्ला समितिले पुर्णता पाए संगै गतिविधी सूरु गरेको र यस क्रममा जिल्लाको १८ वटै पालिकासंग द्विपक्षीय सम्झौता गरी कामलाई गति प्रदान गरिएको बताए।

अर्को तीर निगेटिभ प्रकृतिका जग्गाहरुमा धेरै भुमिहिन दलित र सुकुम्वासी तथा अव्यवस्थित वसोवासी रहेकाले पनि जग्गा धनी पुर्जा वितरण गर्न समस्या भएको उनको कथन छ।

"हालको ऐनले सो जग्गा वितरण गर्न नमिल्ने अवस्था छ, उनले भने- बाटो, नदी किनार, पोखरीको डिल, गौचरण लगायतका क्षेत्रको जग्गामा वसोवासले पनि जग्गा धनी पुर्जा वितरण कार्यले सोचे अनुसारको गति लिन सकेको छैन।"

प्रमुख राजनीतिक दलसंग समेत समन्वय गरेर नगर र वडास्तरीय सहजीकरण समिति बनाएर काम अघि बढाएको उनको कथन छ। सप्तरीमा हालसम्म संकलित लगत अनुसार भुमिहिन, दलित र सुकुम्वासीको संख्या ६ हजार ८ सय ९६ रहेको छ भने अव्यवस्थित वसोवासीको संख्या ५ हजार ६ सय ५४ रहेको छ।

पत्रकार सम्मेलनमा आयोगका सदस्य शशिन्द्र यादव, कृष्ण देव पण्डित, हरिनारायण महतो र अनारदेवीले पनि आयोगको हाल सम्मको गतिविधी बारे जानकारी गराएका थिए।

# लेखापढी व्यवसायी पक्राउ

**राजविराज**/सरकारी लिखत किर्ते गरी संगठित रुपमा ठगी गरेको मुद्दाका फरार आरोपी मध्येका एक लेखापढी व्यवसायीलाई प्रहरीले शुक्रबार पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी ३६ वर्षिय शंकर प्रसाद यादव छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी डिएसपी ढुण्डिराज नेउपानेले प्रहरीको फरार सुचीमा रहेका उनलाई शुक्रवार नै सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएको बताए।

उनी भुमिसुधार तथा मालपोत कार्यालय सप्तरीका लेखापढी व्यवसायी हुन। गोप्य सूचनाका आधारमा बजार क्षेत्रबाट उनलाई पक्राउ गरिएको हो।

माघ २७ गते राजविराजस्थित एनआइसी एशिया बैंकमा सरकारी कागजात किर्ते गरी बनाइएको फर्जी जग्गाधनी र सोही आधारमा २ करोड ८० लाख ऋण स्विकृत गराई २ करोड ३० लाख रुपैया बैंकबाट झिकि ठगी गरेको आरोपमा प्रहरीले बैंकका प्रबन्धक सन्तोष यादवसहित १० जनाबिरुद्ध सरकारी लिखत किर्ते गरी संगठित रुपमा ठगी गरेको आरोपमा मुद्दा चलाएको थियो।

मुद्दा दर्ता गरी पक्राउ पुर्जी जारी भएसंगै उनीहरु फरार भएका थिए। सो प्रकरणमा मुछिएका बैंकका प्रबन्धक यादव, भुमिसुधार तथा मालपोत कार्यालयका कम्प्युटर अपरेटर दिपक शर्मा र व्यवसायी मो.समसाद मंसिर १० गते नै प्रहरीमा उपस्थित भएका थिए।

अदातलको आदेशमा हाल उनीहरु पुर्पक्षका लागी राजविराज कारागारमा छन। उक्त अपराधमा संलग्न अन्य फरार आरोपीको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

# पशुचौपायामा लाग्ने रोग विरुद्ध खोप अभियान सुरु

**राजविराज**/राजविराज नगरपालिकाले पशु चौपायालाई विभिन्न रोगबाट जोगाउन पशुचौपायामा लाग्ने रोग विरुद्ध खोप अभियान सुरु गरेको छ।

पशुपंक्षी विकास शाखामार्फत पहिलो चरणमा नगरक्षेत्रका किसानहरुसँग रहेको बाख्रालाई पीपीआर रोग विरुद्धको खोप लगाउने काम विहीवारदेखि सुरु गरिएको हो।

अभियान अन्तर्गत नगरक्षेत्रका पशुपालकसँग रहेको झण्डै ६ हजार बाख्रालाई उक्त खोप लगाउने तयारी भएको नगरपालिकाको पशुपंक्षी विकास शाखाका प्रमुख परमेश्वर यादवले जानकारी दिए।

दोश्रो चरणमा गाईवस्तुमा हुने खोरेत रोग विरुद्धको खोप लगाईने तयारी भईरहेको उनले जानकारी दिएका छन्। अभियान अन्तर्गत नगरपालिकाबाट पशुचिकित्सक र प्राविधीकको टोली पुगेर खोप लगाउने तथा पशु रोग विरुद्ध पशुपालकलाई सचेत पार्ने काम पनि सुरु भएको कार्यवाहक नगर प्रमुख इसरत परवीनले बताइन।

पशुपालक किसानलाई राहत प्रदान गर्ने उद्देश्यले नगरपालिका क्षेत्रका सबै १६ वटै वडामा संचालन हुने यो अभियानले पशु चौपायाको सुरक्षा र पशुपालक किसानको लगानी सुरक्षित हुने विश्वास गरिएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी

# महिला अधिकारका मुद्दामा हामी कहाँ छौं ?



रुकमनी थापा 'अर्चना'

विश्वले ११४औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइरहँदा ऐतिहासिक असमानता र समसामयिक चुनौतीहरूले घेरिएको परिदृश्यमा नेपाली महिला श्रमिकको प्रगति र संघर्षमाथि प्रकाश पार्नु महत्त्वपूर्ण छ। विद्यमान असमानताबारे चेतना बढाउन कतै विरोध प्रदर्शन र जुलुस गरेर यो दिवस मनाउने गरिन्छ। श्रमिक महिलाले गरेको आन्दोलनको जगबाट अन्तर्राष्ट्रिय नारी दिवस सुरु भएको हो, जसलाई पछि संयुक्त राष्ट्र सङ्घले मान्यता दियो।

सन् १९०८ मा न्युयोर्क सिटीमा १५ हजार महिलाले कामको घण्टा छोट्याउन, राम्रो तलब दिन र आफूलाई मतदानको अधिकार प्राप्त होस् भनेर प्रदर्शन गरेका थिए। त्यसको एक वर्षपछि द सोसलिस्ट पार्टी अफ अमेरिकाले पहिलो राष्ट्रिय नारी दिवस घोषणा गर्‍यो। उक्त दिनलाई अन्तर्राष्ट्रिय बनाउने विचार चाहिँ क्लारा जेटकिन नामकी कम्युनिस्ट अभियानकर्मीले अगाडि सारेकी थिइन्।

सन् १९१० मा कोपेनहेगनमा भएको 'कन्फरेन्स अफ वर्किङ विमन' नामको सम्मेलनमा उनले महिला दिवस मनाउने प्रस्ताव गरेकी थिइन्। त्यो सम्मेलनमा १७ देशका १०० जना महिला सहभागी थिए। उनीहरूले क्लाराको प्रस्तावलाई सर्वसम्मत रूपमा सहमति जनाएका थिए।

प्रणालीगत बाधा र सामाजिक विभेदहरूका कारण समाजमा महिलाहरूको उत्थान हुन सकिरहेको छैन। महिलाको हक-अधिकार र उत्थानका लागि समावेशी नीतिहरू लिन, त्यसको कार्यान्वयन गर्न र समान रोजगारीका अवसरहरू सिर्जना गर्न आवश्यक छ। यसो गर्दा अर्थतन्त्र र समाजमा महिलाले अमूल्य योगदान पुऱ्याउन सक्छन्।

महिला दिवस जस्तो महत्वपूर्ण दिनको सुरुवात सन् १९११ मार्च १९ मा भएको हो, जतिबेला डेनमार्क, जर्मनी, अस्ट्रिया र स्विट्जरल्यान्डमा लाखौं महिला र पुरुषहरू महिला आन्दोलनमा भएका प्रगतिहरूलाई सम्मान गर्न एकजुट भएका थिए।

यो ऐतिहासिक क्षणलाई स्मरण गर्नु एक उत्सव मनाउनु मात्रै होइन, महिलालाई पुरुष समान हक-अधिकार दिलाउन नवआन्दोलन गर्न प्रेरणाका रुपमा लिनु पनि हो। यो अन्तर्राष्ट्रिय महिला दिवस महिला संघर्षका ज्ञात र अज्ञात नायकहरूप्रति श्रद्धाञ्जली हो, जसको बलिदानीले आज हामीले मनाउने अधिकार र स्वतन्त्रताका लागि मार्ग प्रशस्त गरेको छ।

सन् १९७७ मा संयुक्त राष्ट्र संघले महिलाको राजनीतिक अधिकार, आर्थिक समानता र भेदभावको अन्त्यका लागि वकालत गर्नका लागि अन्तर्राष्ट्रिय महिला दिवसलाई मान्यता दियो। जतिबेला हामी महिलाको समानता र अधिकारका बारेमा छलफल गर्छौं, त्यतिबेला हामी सामाजिक न्याय, मौलिक मानव अधिकार र अझ सुन्दर, सभ्य र नैतिक विश्वव्यापी समुदायको पालनपोषण गर्ने आकांक्षालाई आत्मसात् गर्छौं। अन्तर्राष्ट्रिय महिला दिवसको सार महिला समानताको उद्देश्यभन्दा पनि उनीहरूको सहअस्तित्वसँग जोडिएको छ, यसले सम्पूर्ण मानव जातिको कल्याणका लागि व्यापक खोजलाई मूर्त रूप दिन्छ।

यो दिन त्यस्तो दिन हो, जसले हामीलाई हाम्रो सामूहिक अस्तित्व र हाम्रो विश्व सामाजिक वातावरण जोगाउनका लागि तत्काल आवश्यकताबारे गहिरो अध्ययन गर्न प्रेरित गर्दछ। उल्लेखनीय प्रगतिको बाबजुद पनि विश्वका धेरै महिलाले पूर्ण नागरिकता वा समान अधिकारको उपभोग गर्न सकेका छैनन्। तर, राजनीतिक र सांस्कृतिक आन्दोलनबाट महिलाले प्राप्त गरेका केही अधिकारलाई नजरअन्दाज गर्न सकिँदैन। आज महिलाहरूले विश्वका अधिकांश भागहरूमा मतदान गर्ने र कार्यालयका लागि दौडने अधिकारको जति मात्रामा प्रयोग गरिरहेका छन्, यो एउटा खास उपलब्धि हो।

महिलाको राजनीतिक अधिकार, आर्थिक समानता र भेदभावको अन्त्यका लागि वकालत गर्न अन्तर्राष्ट्रिय महिला दिवस मनाउन थालिएको हो। अहिले चीन, नेपाल, रुस, जर्मनी लगायत विश्वभरका देशहरूले यस दिन सार्वजनिक बिदा दिने गर्छन्।

एकातिर विज्ञान, स्वास्थ्य जागरुकता र सामाजिक सुधारहरूमा प्रगति भइरहेको छ, अर्कोतिर लैङ्गिक असमानता एक व्यापक मुद्दा बनेको छ। सशक्तीकरणका लागि एक महत्त्वपूर्ण स्तम्भ हो शिक्षा, जो अझै पनि धेरै महिलाको पहुँचभन्दा बाहिर छ। बालविवाह, आर्थिक सामाजिक पछौटेपन र अन्धविश्वासग्रस्त मानसिकताका अभ्यासहरू महिलाहरूको प्रगतिका लागि बाधक बनिरहेका छन्। द्वन्द्वग्रस्त क्षेत्रहरूमा बालबालिकाहरूलाई शिक्षाबाट वञ्चित हुने र महिलाहरू हिंसाको जोखिममा पर्ने चुनौतीहरू अझ बढी छन्। युनेस्कोको आँकडा अनुसार एक करोड २९ लाख बालिकाहरू विद्यालयको पहुँचबाहिर छन्। अन्धविश्वास, अशिक्षा, चेतनाको कमी र समाजमा व्याप्त विभेदपूर्ण अभ्यासहरूले महिलाको हरेक पक्षलाई कमजोर बनाइराखेका छन्। संयुक्त राष्ट्र संघको लैङ्गिक असमानता सुचकांकले नेपाललाई महिला अधिकारका लागि सबैभन्दा खराब अवस्था भएको देशहरूमा पहिचान गरेको छ।

हामीले अन्तर्राष्ट्रिय महिला दिवस २०२४ मनाउने क्रममा विश्वभर महिला र बालबालिकाको प्रगतिमा बाधा पुऱ्याउने साझा चुनौतीमाथि चिन्तन गर्न महत्त्वपूर्ण छ। महिला सशक्तीकरणको आधारशिलाका रूपमा शिक्षा उभिएको छ; जसले उनीहरूलाई आफ्नो अधिकार, आर्थिक समानताको वकालत गर्न र समाजमा पूर्ण रूपमा सहभागी हुन सक्षम बनाउँछ। 'महिलाको अधिकार भनेकै मानव अधिकार हो' फ्रान्सेली क्रान्तिको तत्कालीन अवधिसँग गाँसिएको शक्तिशाली यस कथनले मानव अस्तित्वमा महिलाको महत्त्वलाई दर्शाउँछ।

उपलब्धि र चुनौतीहरूलाई फर्केर हेर्दा यस्तो सक्षम दृष्टिले हेरौं जहाँ हामी आशा र दृढ भविष्य देखिन्छ, त्यहाँ प्रत्येक महिला र बालिकाहरूले भेदभाव र असमानताबाट मुक्त, आफ्नो पूर्ण क्षमता हासिल गर्ने अवसर पाउनेछन्।

यसका लागि लैङ्गिक समानतातर्फको सामूहिक यात्रा र प्रत्येक व्यक्तिको प्रतिबद्धता र प्रयास आवश्यक छ।

अझ विशेषतः हामीले अन्तर्राष्ट्रिय महिला दिवस मनाउने क्रममा, विश्वभरका महिला कामदारहरूको अधिकारप्रति हाम्रो प्रतिबद्धतालाई पुनः पुष्टि गर्न अनिवार्य छ।

समाजको हरेक क्षेत्रमा महिलाहरूको अमूल्य योगदानलाई मान्यता दिएर मात्रै हुँदैन; सम्मान, संरक्षण र समान अवसरहरूका लागि पनि उनीहरू योग्य छन् भनी व्यवहार गर्नुपर्छ। लैङ्गिक भेदभाव उन्मूलनको गर्ने, उचित ज्याला, जागिर वा रोजगारीमा सुरक्षित वातावरण र महिलाको सीप विकासका लागि तालिम दिने विषयतर्फ ध्यान दिइनुपर्छ, अनि मात्र महिला आन्दोलनबाट प्राप्त उपलब्धिहरूको रक्षा र सम्मान हुन्छ।

महिला श्रमिकहरूलाई सशक्तीकरण गर्नु समानताको कुरा मात्र होइन, यो परिवर्तित समयका लागि थप न्यायपूर्ण र समृद्ध भविष्यका लागि लगानी हो। यस दिन र यसपछिका हरेक दिन पनि हामी महिला श्रमिकहरूको अधिकारलाई पूर्ण रूपमा सम्मान गर्ने संसारको निर्माणमा लाग्नु छ, नयाँ उत्साहका साथ। महिलाहरू समाजमा कति अगाडि बढे, राजनीति र अर्थतन्त्रमा कति अगाडि बढे भनेर मनाउने दिवस बनेको छ, अन्तर्राष्ट्रिय नारी दिवस।

अमेरिकामा महिला साक्षरता दर ९९ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर ३२.३ र राजनीतिक सहभागिता २९ प्रतिशत (सांसद) छ। यस्तै, चीनमा महिलाको साक्षरतादर ९९.८५ प्रतिशत, प्रति एक लाख जन्ममा १६.१ र राजनीतिक सहभागिता २४.९४ प्रतिशत छ।

रुसमा महिला साक्षरता दर ९९.७४ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर ३४.५ र राजनीतिक सहभागिता १८.३ प्रतिशत छ। यस्तै, बेलायतमा महिला साक्षरता दर ९९ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर १३.४१ र राजनीतिक सहभागिता ३४.७४ प्रतिशत छ। जर्मनीमा महिला साक्षरता दर ९९ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर ३.२ र राजनीतिक सहभागिता ३५.१ प्रतिशत छ। भारतमा महिलाको साक्षरता दर ९१.९५ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर ९७ र राजनीतिक सहभागिता १४.३६ प्रतिशत छ।

नेपालमा महिला महिलाको साक्षरता दर ६९.४ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर १५१ जना र राजनीतिक सहभागिता ३३ प्रतिशत छ। यो तथ्यांकले नेपालमा महिलाका क्षेत्रमा लगानी र सहभागिता बढाउनुपर्ने देखिन्छ।

२०१६ सालमा प्रधानमन्त्री बीपी कोइरालाको पालादेखि यो दिवस मनाउन सुरु गरिएको भए पनि महिलालाई मताधिकारको अधिकार भने २००७ सालबाट प्रजातन्त्रको प्राप्ति सँगै भएको थियो।

विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउन थालेपछि विभिन्न क्षेत्रमा नारीको सहभागिता बढ्न थाल्यो। श्रीलंकामा श्रीमती सिरिमाओ बन्दरानाइके, भारतमा श्रीमती इन्दिरा गान्धी, बेलायतमा श्रीमती मार्गरेट थ्याचर, पाकिस्तानमा श्रीमती बेनजिर भुट्टो, बंगलादेशमा जियाउर रहमानकी छोरी समेत तत्तत् देशका प्रधानमन्त्री बनेर देशको बागडोर सम्हाल्न पुगे।

*बाँकी चार पृष्ठमा*


## साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसुरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# बुढ्यौलीको सहारा स्वास्थ्य बीमा

**सारन खनाल**

मानिसको जीवन कुमालेको चक्र जस्तै हो । शिशु, बाल, किशोर युवा प्रौढ तथा बृद्ध सबैको जीवनले भोग्नैपर्छ । जीवनको यो गोल चक्करमा हरेक मानिसलाई कुनै न कुनै रोग तथा शारीरिक समस्याले सताउँछ तर पनि सबै भन्दा बढी रोगले आक्रमण गर्ने भनेको बृद्धावस्था नै हो । जतिबेला आफ्ना लागि अरुको आवश्यकता हुन्छ त्यति नै बेला घरमा छोराछोरी, बुहारीको वा बलिया बाङ्गाको आवश्यकता पर्छ कतिपयलाई त त्यतिबेला सँगै मर्ने सँगै बाच्ने कसम खाएर विवाह गरेका जीवनसाथी पनि कि त मरिसककको हुन्छ कि त शिथिल बनेको हुन्छ । त्यतिमात्र हैन यो अवस्थामा आर्थिक उपार्जन केही गर्न सक्ने स्थिति पनि रहँदैन । उमेरमा कमाएको पनि बाँकी रहेको पनि हुँदैन ।

यसरी सबैले टकटक्याएर रित्तो बनेको निरिह अवस्था र जीर्ण शरीर रहेको अवस्थामा राज्यले नागरिकहरुप्रति जिम्मेवारी बोध गर्दै केही सामाजिक सुधारको कार्यक्रमहरु ल्याएको छ । त्यसमा स्वास्थ्य बीमा महत्वपूर्ण कार्यक्रम हो । बिना लगानी जेष्ठ नागरिकलाई राज्ले स्वास्थ्य उपचारको ठेक्का लिनु ज्यादै प्रशंसनीय कुरा हो । आज त्यही कार्यक्रमको फाईदा लिएर जेष्ठ नागरिकहरु खल्तीमा एउटा बीमा कार्ड बोकेर सजिलो जीवन बाच्न पाएका छन् । एकातिर जेष्ठ नागरिक भत्ताले बाटो खर्च धानेको छ भने अर्कोतर्फ स्वास्थ बीमाले निःशुल्क उपचारको व्यवस्था मिलाई दिएको छ । यो राष्ट्रकै लागि एउटा गर्वको विषय हो ।

**के हो स्वास्थ्य बीमा ?**

स्वास्थ्य सेवाको खर्चलाई परिवारले धान्न सक्ने अवस्थामा ल्याउने, स्वास्थ्य समस्याका कारणले हुन सक्ने आर्थिक जोखिमलाई न्यूनीकरण गर्ने संयन्त्रलाई हो स्वास्थ्य बीमा । यो स्वास्थ्य सेवामा सबैको पुँच सुनिश्चित गर्ने बृहत् सामाजिक साझेदारीको अवधारणा हो । यसमा व्यक्ति समुदाय र सरकारको प्रत्यक्ष सहभागिता रहने गर्दछ । यसले बिरामी भएको बेला उपचारमा हुन सक्ने ठुलो खर्च धान्न कठिन नहोस भनेर पहिले नै योगदानको रकम मार्फत जोखिम व्यवस्थापन गर्न मद्दत गर्दछ । २०७२ साल चैत्र २५ गते कैलाली जिल्लाबाट सुरु गरिएको स्वास्थ्य बीमा कार्यक्रम आजसम्म आईपुग्दा देशको ७७ जिल्ला र ७५२ वटै पालिका तथा वडा वडासम्म पुगेको छ । गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यका साथ लागु गरिएको स्वास्थ्य बीमा कार्यक्रम यहाँसम्म आईपुग्दा निकै लोकप्रिय र प्रभावकारी बन्दै गएको छ ।

**योगदान कति ?**

यो कार्यक्रममा परिवारका सबै सदस्यहरुको सहभागिता हुनुपर्ने गरी पारिवारिक योगदानमा आधारित छ । ५ जनासम्मको परिवारले वार्षिक ३५०० योगदान रकम बुझाउनु पर्नेछ । परिवारमा ५ जना भन्दा बढी सदस्य भएमा थप प्रतिसदस्य रु ७०० का दरले थप्नु पर्नेछ । ५ जना परिवारको हकमा १ लाख सम्मको स्वास्थ्य सुविधा पाइने छ । ५ जना भन्दा बढीको हकमा २० हजारका दरले खर्चको सीमा बढ्दै जान्छ ।यो सीमा अधिकतम् २ लाखसम्मको रहेको हुन्छ ।

**कस्तालाई छुट छ ?**

यो कार्यक्रम अति गरिब, अशक्त, अपाङगता भएका व्यक्ति कुष्ठरोगी, एचआइभी सङ्क्रमित एमडिआर टीवी बिरामी भएका परिवारका साथै ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई सतप्रतिशत एवंम् महिला स्वास्थ्य स्वयंसेविकाका परिवारलाई ५० प्रतिशत रकम योगदानको रकममा छुट हुने छ ।

**कसरी दर्ता हुने ?**

यो कार्यक्रम दर्ता गर्न स्थानीय वडाबाट छनोट भइ आएका दर्ता सहयोगीहरु घरदैलोमा नै पुगेर यसका बारेमा बुझाएर दर्ता गर्नेछन् । सेवाग्राहीहरु दर्ताका लागि कतै जानै पर्दैन । घरमा नै दर्ता सहयोगीहरु खोज्दैखोज्दै आउने छन् र दर्ता गरी परिवारका सदस्य पिच्छे छुट्टा छुट्टै परिचय पत्र दिएर जान्छन् । स्वास्थ्य सेवा लिन जाँदा त्यही परिचयपत्रका आधारमा सहजै रुपमा सेवा प्राप्त गर्न सकिने छ ।

**कस्तो किसिमको सेवा प्राप्त हुन्छ ?**

स्वास्थ्य बीमा कार्यक्रमबाट बहिरङग सेवा (ओपिडी) अन्तरङग सेवा (इण्डोर), निदानात्मक सेवा (एक्सरे , इसिजी, अल्टासाउण्ड , एमआरआई सिटिस्क्यान, रगतको जाँच..आदि लगायत सुचीकृत औषधीहरु पाइन्छ । यसका अतिरिक्त बिभिन्न साना तथा ठुला शल्यकृयाहरुको सुविधा पाइन्छ । यति राम्रो सुविधा युक्त कार्यक्रममा सबै सचेत नेपालीहरुको सहभागिता रहनेक्रम जारी छ । झन जेष्ठ नागरिक अतिगरिब, अशक्त, अपाङगता भएका व्यक्ति कुष्ठरोगी, ज्क्ष् सङ्क्रमित एमडिआर टी.वी. बिरामी भएका परिवारकाहरुको त जीवनआधार नै बनेको छ यो कार्यक्रम ।

**जेष्ठ नागरिक र गरिब र अपाङगता भएकाहरुलाई झनै बढी फाइदा**

नेपाली युवा पुस्ताको विदेश पलायनले गाउँघर खाली भैरहेको छ । गाउँमा कि त बुढाबुढी कि त भुराभुरीमात्र रहने परिवेश सिर्जना भएको छ । श्रमशक्तिको यो विदेश पलायनले गाउघर नै पक्षघातले थलिएको वस्ती जस्तै भएको छ । गाउँमा अब जिउँदाको जन्ती र मर्दाको मलामी भन्ने कहावत नै फिका हुन थालेको छ । महिला केटाकेटीले लास बोकेको खबरहरु बाहिर आएको छ । गाउँ नै रित्तिरहेको यस्तो परिवेशमा मलामी बाहिरने जेष्ठ नागरिकको स्याहार सुसार गर्ने कसले? छोरो विदेश गए पछि बुहारी पनि बच्चा पढाउने नाममा बजार प्रवेश हुने रोगले गाउँ घरमा पुराना थोत्रा घर कुरेर जेष्ठ नागरिकहरुले थाकथलोको इज्जत राखेका छन् ।

त्यसैले विदेश जाने छोराछोरीले पनि बाबुआमा परिवारको स्वास्थ्य बीमा गरिदिएको खण्डमा आफूले हेरचाह औषधीमूलो गर्न नभ्याए वा नपाए पनि कमसेकम अस्पतालसम्म पुग्न सक्नेका लागि राज्यले उपचार औषधी त दिन्छ । त्यसका लागि पनि जेष्ठ नागरिकको स्वास्थ्य बीमा अत्यावश्यक नै भएको छ र यो प्रभावकारी पनि देखिएको छ । बृद्ध भएपछि जो सुकैले पनि बिभिन्न प्रकारका औषधीहरुको नियमित सेवन गर्नु पर्ने हुन्छ । घरमै भएका छोराहरुमा पनि बाबुको उपचारका लागि खर्चको पिरलो भएन । खर्चको अभावमा छोराहरुको अग्रसरतामा लगाम लाग्ने भएन वा दाजुभाइमा तँ जा र तँ जाको जुवारी पर्ने पनि भएन । सके त बुवा आमा आफैं लौरो टेकेर गोजीमा बीमाको परिचय पत्र हालेर लुखुलुखुर जान्छन् नभए पनि छोराहरुमा बोझ नभए पछि त्यति कर्म त सबैले खुशी साथ नै गर्छन् । घरमा छोराबुहारी, छोरी, नाति नातिना नहुनेले पनि छिमेकीको सहायता लिएर पनि अस्पतालसम्म पुगे पछि अरु कुरा राज्यले गरिदिन्छ । त्यसैले स्वास्थ्य बीमा कार्यक्रम जेष्ठ नागरिकहरुका लागि र सबै परिवारका लागि जँघारको लौरो जस्तै बनेको छ ।

स्वास्थ्य बीमामा सहभागी हुनु भनेको आफू बिरामी भए निशुल्क उपचार पाउनु र आफू बिरामी नभए त्यो योगदानले अर्को बिरामीले उपचार गर्ने भएकाले पुण्य कमाउनु पनि हो । स्वास्थ्य बीमा एक पटक गरेर सधैंका लागि हुन्छ भन्ने होइन । यसलाई वर्षैपिच्छे नवीकरण गराउनु पनि पर्छ । नवीकृत नभएका बिमितहरुको सेवा निस्कृय हुने भएकाले नयाँ बीमा गर्नु जत्तिकै महत्वपूर्ण रहेको छ नवीकरण । कतिपय मानिस भन्ने मेरो एक लाखमा २ हजार पनि खर्च भएन । त्यो अधिकतम् खर्चको सीमा भनेको राज्यले बोकेको दायित्व मात्र हो । हाम्रो लगानी भनेको त आफू र अरु सबै बिरामीको साझा हितमा हुने खर्च हो भन्ने योगदानको रुपमा बुझ्नु पर्छ र सहजकर्ताले पनि सोही रुपमा बुझाउन सक्नु पर्छ ।

यो स्वार्थ र सेवा जस्ता विपरित शब्दहरुको संयोगले मिलेको कार्यक्रम हो । आफू बिरामी हुदा उपचार पाइने आफू बिरामी नभए अरुका लागि दान हुने । मान्छेले राम्रोसँग बुझ्नेभने कोही छुट्लान र? त्यसैले यस्तो राम्रो कार्यक्रममा कोही पनि छुट्नु भएन । कति राम्रो सेवासंग जोडिएको ,आफूलाई उपचार नै गर्न नपरोस् । आफूले योगदान गरेको रकमले अरुको उपचार होस् भन्ने पुण्य भाव मनमा रह्यो भने आफू पनि स्वस्थ्य अरु पनि स्वस्थ्य ।

अन्त्यमा,

स्वास्थ्य बीमाले केबल औषधी उपचार मात्र गरेको छैन । यसले त जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति गरिब, दीर्घ रोगी तथा अन्य रोगीहरुलाई बाच्ने प्रेरणा पनि दिएको छ । मान्छेहरु उपचारको अभाव, आर्थिक सङकट अभाव र पीडाले डिप्रेसनमा पुगेका थुप्रै घटनाहरु पनि छन् । परिवारिक झैझगडा तथा परिवारबाट अपमानित भएर घृणाको पात्र बनेर जीवनलाई बोझ मानेर आत्माहत्या गर्ने यस्ता सीमान्तकृत समुदायलाई राज्यले गरेको यो सुविधाले बाच्ने आशा पलाएको पनि छ ।

जेष्ठ नागरिक भत्ता र स्वास्थ्य बीमा जस्ता लोककल्याणकारी कार्यक्रम वास्तवमै नेपाली समाजको मनोविज्ञान, चेतना, आर्थिक अवस्था, पारिवारिक संरचना, राज्यको स्रोत साधन, गरिबी र त्यसको असरले मौलाएको कुपोषण, उमेर अवस्थामा नै सुरु हुने बुढ्यौलउसी, कथित जातीय भेदभाव, अन्धविश्वास, कुरीति आदिका कारणले गर्दा अध्यारोको जँघार जस्तो गन्तव्यहीन कहालीलाग्दो जिन्दगीमा जङ्गारको लौरो बनेर अएको छ स्वास्थ्य बीमा । सुखमा सबैको हाई हाई, बिपत्तिमा कोही हुन्न् दाजुभाइ भन्ने पुरानो कहावतलाई बिपत्तिमा सरकार छ भन्ने दह्रो सहास र आडभरोसा नै बनेको छ स्वास्थ्य बीमा । सबैमा चेतना भया । (लेखक स्वास्थ्य बीमा बोर्डकी सेवननिवृत्त पहिले अधिकृत हुन् ।) स्वास्थ्य खबरबाट

## *महिला अधिकारका ...*

नेपालमा प्रधानमन्त्री बीपी कोइरालाको प्रधानमन्त्रित्व कालमा द्वारिकादेवी ठकुरानी पनि मन्त्रिमण्डलमा समावेश भएर महिलाको सहभागिता भएकामा पछि आएर नेपालको प्रमुख राजनीतिक पद राष्ट्रपति र सभामुख तथा सर्वोच्च अदालतको प्रधानन्यायाधीशजस्तो उच्च न्यायिक पदमा महिला पुगे । यो सवालमा विश्व इतिहासमा नेपाल अग्रपंक्तिमा देखापर्नु हो तर त्यसले निरन्तरता पाउन सकेन । अहिले राज्यका प्रमुख पदमा महिलाको उपस्थिति छैन ।

नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९८१ लाई अनुमोदन गरिसकेको छ । पक्ष राष्ट्र भएको नाताले महासन्धिमा भएका सबै प्रावधान पालना गर्नु राज्यको परम कर्तव्य हो । राज्यले अन्तर्राष्ट्रिय महासन्धिमा भएका व्यवस्थालाई घरेलु कानुनहरूमा आन्तरिकीकरण गर्न महिलासम्बन्धी अधिकारलाई कानुन र संविधानमा सुरक्षित गरेको छ ।

नेपालको इतिहासमै पहिलोपटक संविधानसभाबाट जारी भएको नेपालको संविधान २०७२ ले केन्द्रदेखि स्थानीय तहसम्मको संघीय संरचनामा प्रमुख वा उपप्रमुखमध्ये एक महिला हुनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

संविधानको धारा ३८ मा महिलाको हक संरक्षित गरी सो हक हनन भएको खण्डमा संवैधानिक उपचारको व्यवस्था समेत गरेको छ । व्यवहारगत रूपमा हुने हिंसालाई नियन्त्रण गर्न मुलुकी फौजदारी अपराध संहिता २०७४ मा महिला विरुद्धका कसुरलाई जघन्य कसुरका रूपमा स्थापित गरेको छ ।

घरेलु हिंसा कसुर र सजाय ऐन, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, राष्ट्रिय महिला आयोग ऐन यसका केही प्रतिनिधि ऐनहरू हुन्, जुन ऐनमा महिलाका हक–अधिकार र उनीहरू विरुद्धका कार्य कसुरजन्य हुने भनी बोलेको देखिन्छ ।

विडम्बना ! पछिल्लो समयमा बढ्दै गइरहेको महिला तथा बालिकाविरुद्धका जबर्जस्ती करणीसम्बन्धी कसुर साथै करणीपश्चात् क्रूर यातना दिई ज्यानै लिने अपराधले त्रासको वातावरण सिर्जना गरिदिएको छ । नियन्त्रण गर्ने कार्यकारी निकाय, नियमन गर्ने नियामक निकाय र न्याय दिलाउने स्वतन्त्र, स्वच्छ एवं सक्षम न्यायपालिका हुँदाहुँदै पनि दिनहुँजसो घट्ने लैंगिक एवं यौनहिंसाविरुद्धका कसुरमा राज्यको यथेष्ट ध्यान पुग्न नसकेको देखिन्छ । (थापा नेपाल ट्रेड युनियन कांग्रेसको उपमहासचिव हुन् ।) रातोपाटीबाट


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# बुबाआमाको सम्झनामा अक्षयकोष स्थापना



**राजविराज**/महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका पूर्वक्याम्पस प्रमुख विष्णुप्रसाद पोखरेलले राजविराज उच्च अदालत बार एशोसिएशनलाई अक्षयकोष स्थापनाका लागि चेक हस्तान्तरण गरेका छन् ।

आफ्नो बुबाआमाको सम्झनामा एक जना कानुन व्यवसायीलाई सम्मान गर्ने उद्देश्यले अक्षयकोष स्थापनाका लागि चेक हस्तान्तरण गरेका हुन् ।

राजविराज उच्च अदालत बार एशोसिएशनको सभाहलमा बिहीबार आयोजित अक्षयकोष स्थापनाका लागि चेक हस्तान्तरण कार्यक्रममा पूर्वक्याम्पस प्रमुख पोखरेलले २ लाख १ हजार रकमको चेक उच्च बारका अध्यक्ष हरेराम यादवलाई हस्तान्तरण गरेका हुन् ।

आयोजित कार्यक्रममा पूर्वक्याम्पस प्रमुख पोखरेलले बुबा काशीराज उपाध्याय र आमा गंगादेवीको सम्झना स्वरुप उक्त अक्षयकोष स्थापनाका लागि अग्रसरता देखाएको बताए । उनले अक्षयकोषको ब्याजको रकमबाट प्रत्येक वर्ष कानुन दिवसको अवसरमा सार्वजनिक सरोकार, नागरिक हक संरक्षण, समाजसेवाको रुपमा सप्तरीलाई कार्यक्षेत्र बनाएर महत्वपूर्ण योगदान पुऱ्याएका एक जना व्यक्तित्वलाई सम्मान गर्ने बताए ।

पूर्वक्याम्पस प्रमुख पोखरेलले आउँदो २०८१ सालको कानुन दिवसमा एक जना व्यक्तित्वलाई सम्मान गर्नका लागि सोही चेकमा १५ हजार रकम थप गरि हस्तान्तरण गरे । बुबाआमाको नामबाट बारलाई उपलब्ध गराइएको अक्षयकोषको सदुपयोग हुनेमा कुरामा विश्वस्त रहेको उनको भनाई थियो ।

सो कार्यक्रममा उच्च बारका पूर्वअध्यक्ष श्यामनारायण साहले यस्तो अक्षयकोष स्थापना स्वागतयोग्य रहेकोले पूर्वक्याम्पस प्रमुख पोखरेलप्रति आभार व्यक्त गरे । कार्यक्रममा वरिष्ठ अधिवक्ता सुजितकुमार पोखरेलले यस्ता कार्यले सम्पूर्ण कानुन व्यवसायीहरुको मनोबल बढ्नुका साथै अन्य तर्फबाट पनि कोषको रकमलाई बढाउन र सदुपयोग गर्नेतर्फ वर्तमान कार्यसमितिलाई ध्यानाकर्षण गराए ।

उच्च बारका कोषाध्यक्ष उमाशंकर देवले आउँदो बैशाख २६ गते कानुन दिवस रहेकोले वर्तमान कार्यसमितिले यसका लागि चाडै नै बैठक बसेर कार्यक्रम तय गर्ने बताए । उनले राजविराज वडा नं. ७ निवासी स्व. काशीराज उपाध्याय बि.स. २०२६ सालदेखी २०४५ सालसम्म सप्तरीलाई कार्य क्षेत्र बनाएर कानुन व्यवसायीको रुपमा कार्यरत रहेको जानकारी समेत दिए ।

उच्च बारका अध्यक्ष हरेराम यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा सचिव दानोदेवी चौधरीले कार्यक्रम संचालन तथा उपाध्यक्ष धर्मेन्द्र यादवले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।



## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**


# अन्तर्राष्ट्रिय समाचार

## विदेशी पर्यटकको चाप बढेसँगै श्रीलङ्काको अर्थतन्त्रमा राहत महशुस

**कोलम्बो**/सन् २०२३ को चौथो त्रैमासिकमा पर्यटन आगमनमा वृद्धिसँगै अकल्पनीय वित्तीय सङ्कटको सामना गरेको श्रीलङ्कामा आर्थिक पुनरुत्थान भएको श्रीलङ्का सरकारले शनिबार जनाएको छ । कृषि, उद्योग र सेवा क्षेत्रको विस्तार दर डिसेम्बरमा सकिएको त्रैमासिकमा ४.५ प्रतिशत पुगेको छ । यो अघिल्लो वर्षको सोही अवधिमा १२.४ प्रतिशतले सङ्कुचन भएको थियो ।

सन् २०२२ मा ७.८ प्रतिशतले सङ्कुचन भएको अर्थतन्त्र सन् २०२३ मा समग्रमा २.४ प्रतिशतले खुम्चिएको छ । "सन् २०२३ मा श्रीलङ्काको अर्थतन्त्रले द्वैतताको अनुभव गरेको छ", विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यस वर्षको पहिलो छ महिनामा ऋणात्मक वृद्धि भएको छ भने दोस्रो त्रैमासिकमा अर्थतन्त्रमा सुधार आएको छ ।

"पर्यटनमा लामो समयदेखि प्रतिक्षा गरिएको सुधारको सन् २०२३ को अन्त्यतिर आएको छ" विभागले भनेको छ, "कामदारको रेमिटेन्समा पनि सुधार आएको छ ।"

गत डिसेम्बरमा श्रीलङ्का घुम्न आउने पर्यटकको सङ्ख्या दुई लाख १० हजार पुगेको छ । यो सङ्ख्या अघिल्लो वर्षको ९१ हजार ९०० को तुलनामा दोब्बरभन्दा बढी हो ।

श्रीलङ्काले हाल अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बाट चार वर्षका लागि २.९ अर्ब अमेरिकी डलरको जमानत कर्जा लिइरहेको छ र ऋण पुनर्संरचनाको लागि विदेशी ऋणदाताहरूसँग छलफल गरिरहेको छ । सन् २०२२ मा आर्थिक सङ्कटको शिखरमा पुगेको मुलुकमा आयातका लागि भुक्तानी गर्न विदेशी मुद्रा सञ्चिति सकिएपछि महिनौंसम्म खाद्यान्न, इन्धन र औषधिको अभाव भएको थियो ।

राष्ट्रव्यापी नागरिक आन्दोलनको क्रममा प्रदर्शनकारीहरूले सन् २०२२ को जुलाईमा तत्कालीन राष्ट्रपति गोतबाया राजापाक्षको सरकारी निवासमा आक्रमण गरेपछि उहाँले पदबाट राजिनामा दिन बाध्य हुनुभएको थियो ।

उहाँको उत्तराधिकारी रनिल विक्रमासिङ्घेले आर्थिक सङ्कटबाट देशलाई माथि उकास्न करको दायरालाई दोब्बर पार्दै उदार ऊर्जा अनुदान फिर्ता लिनुभएको थियो भने मुलुकको लागि आर्थिक आवश्यकतालाई ध्यानमा राख्दै राजस्व सङ्कलन वृद्धिका लागि वस्तुहरूको मूल्य वृद्धि गर्नुभएको थियो । एजेन्सी

## सुडानमा ५० लाख मानिस भोकमरीको जोखिममा

**संयुक्त राष्ट्रसङ्घ**/संयुक्त राष्ट्रसङ्घले सुडानको द्वन्द्वरत समूहलाई 'विनाशकारी' भोकमरीबाट बचाउन मानवीय राहत वितरण गर्न अनुमति दिन शुक्रबार आग्रह गरेको छ । एएफपीले शुक्रबार प्राप्त गरेको संयुक्त राष्ट्रसङ्घको दस्तावेजअनुसार सुडानका प्रतिद्वन्द्वी जनरलबीचको करिब एक वर्ष लामो युद्धले देशलाई टुक्रयाउने क्रम जारी रहँदा आगामी महिनाहरूमा करिब ५० लाख सुडानीले खाद्य असुरक्षाको सामना गर्नुपर्ने हुनसक्छ ।

सेना प्रमुख अब्देल फताह अल बुरहान र उहाँका पूर्व सहयोगी मोहमद हमदान डग्लोबीच गत वर्षको अप्रिलदेखि जारी युद्धले दशौं हजारको ज्यान लिइसकेको छ भने पूर्वाधार ध्वस्त पारेको छ । युद्धका कारण यहाँको अर्थतन्त्र धराशायी बनेको छ । यसले गम्भीर मानवीय सङ्कट र तीव्र खाद्यान्न अभाव पनि निम्त्याएको छ र देश अनिकालको सङ्घारमा पुगेको छ । संयुक्त राष्ट्रसङ्घका मानवीय सहायता प्रमुख मार्टिन ग्रिफिथ्सले सुरक्षा परिषद्लाई लेखेको पत्रमा करिब एक करोड ८० लाख सुडानीले खाद्य असुरक्षाको सामना गरिरहेको उल्लेख गर्दै आगामी महिनामा देशका केही भागमा करिब ५० लाख मानिस विनाशकारी खाद्य असुरक्षामा फस्न सक्ने चेतावनी दिनुभएको छ ।

डार्फरका दुई लाख ४० हजारभन्दा बढीसहित करिब सात लाख ३० हजार सुडानी बालबालिका 'गम्भीर' कुपोषणबाट पीडित रहेको उहाँले बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन दुजारिकले भन्नुभयो, "सहायता सङ्गठनहरूलाई सुडानभित्रको द्वन्द्वग्रस्त क्षेत्रमा समेत सुरक्षित, छिटो, दिगो र निर्बाध पहुँचको खाँचो छ । अन्तर्राष्ट्रिय समुदायबाट स्रोतसाधनको व्यापक परिचालन पनि महत्वपूर्ण छ ।"

संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य कार्यक्रमले युद्धले 'विश्वको सबैभन्दा ठूलो भोकमरीको सङ्कट निम्त्याउने' चेतावनी दिएको छ । पोर्ट सुडानमा पर्याप्त मात्रामा सहायता मौज्दात रहेको तर समस्या भनेको त्यहाँबाट आवश्यक परेका मानिसहरूलाई सहयोग पठाउनु रहेको संयुक्त राष्ट्रसङ्घीय बालबालिकासम्बन्धी निकाय युनिसेफका सुडानका लागि आपतकालीन प्रमुख जिल ललरले बताउनुभयो ।

ललरले ११ महिना पहिले युद्ध सुरु भएयता खार्तुममा पुग्ने संयुक्त राष्ट्रसङ्घको पहिलो मिसनको नेतृत्व आफूले गत साता गरेको बताउनुभएको थियो । न्युयोर्कबाट भिडियो लिङ्कमार्फत जेनेभामा पत्रकारहरूसँग कुरा गर्दै उहाँले देशभरिका बालबालिकाका लागि आवश्यकताको परिमाण उच्च छ भन्ने कुरा आफूहरूले प्रत्यक्ष देखेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यस युद्धले सबैले व्यक्त गरेको पहिलो चिन्ताजस्तै 'देशलाई भोकमरी र अनिकालतर्फ धकेलिरहेको छ ।" सुडानका लागि युनिसेफका प्रतिनिधि मन्दीप ओ ब्रायनले एक करोड ४० लाख बालबालिकालाई मानवीय सहायताको खाँचो रहेको र ४० लाख बालबालिका विस्थापित भएको बताउनुभयो । उहाँले सामाजिक सञ्जाल एक्समार्फत जारी सन्देशमा भन्नुभएको छ, "बालबालिकाको जीवन र भविष्यको ठूलो क्षति हुन नदिन एउटा सानो छिद्र मात्र बाँकी छ ।"

हालै सुडानको भ्रमणबाट फर्केका विश्व स्वास्थ्य संगठनका क्षेत्रीय निर्देशक हनान बाल्खीले डार्फरको चरम आवश्यकतामाथि जोड दिँदै अधिकांश स्वास्थ्य संस्थाहरू लुटिएको, क्षतिग्रस्त भएको वा नष्ट भएको बताउनुभयो । संयुक्त राष्ट्रङ्घका सहायता प्रमुख ग्रिफिथ्सले सुरक्षा परिषद्को प्रस्तावका बावजुद मुस्लिमधर्मावलम्बीको पवित्र महिना रमजानको समयमा पनि युद्ध जारी रहेको बताउनुभयो । एजेन्सी

# पालिका स्तरिय टि-ट्वान्टी उद्घाटन खेलमा को. बरसाईन र मंसापुर बिजयी




**राजविराज**/तिलाठीकोईलाडी गाउपालिका स्तरिय टि २० क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा को. बरसाईन र मंसापुर बिजयी भएको छ ।

पहिलो खेलमा तिलाठी कोईलाडी वडा ५ को. बरसाईनले वडा ४ कोईलाडीलाई ३८ रनले र वडा ७ मंसापुरले वडा ३ सकरपुरालाई ३५ रनले पराजित गर्दै बिजयी सुरूवात गरेको हो ।

उक्त प्रतियोगिताको एक कार्यक्रम बिच तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष अरूण मण्डल ब्याटिंग र वडा ५ का अध्यक्ष ललन राउतले बलिङ तथा वडा १ का अध्यक्ष दिनेश्वर मिश्रले किपिंग गरेर खेलको शुभ आरम्भव गरेका थिए ।

वडा ५ र ४ बिच भएको उदघाटन खेलमा टस जितेर वडा ५ ले निर्धारित १५ ओभरमा १ सय २५ रनको योगफल खडा गरेको थियो भने जवाफमा वडा ४ ले १५ ओभरमा ६ बिकेट गुमाएर ८७ रनमै सिमित रहे । जसमा वडा ४ का जितेन पासवानले ३१ रन र मौसम मण्डलले १७ रन बनाउदै अविजित रहे । यता वडा ५ बरसाईनका प्रकाश मण्डलले सर्वाधिक ४३ रन, सुभाष शर्मा १४ र राहुल रजकले अविजित १३ बनाएका थिए ।

बलिङतर्फ वडा ४ का मौसम मण्डल ३ बिकेट, परमेश्वर मण्डल २, रोशन मण्डल, दिपक मण्डल र मो गुडुले १/१ बिकेट लिएका थिए । वडा ५ का विशाल शर्मा ३ बिकेट, दिपक मण्डल २ र दिपेश सरदार १ बिकेट लिएका थिए । उक्त अवसरमा खेलको प्लेयर अफ दि म्याच घोषित विशाल शर्मालाई सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादब र प्रतियोगिता संयोजक ज्ञानेन्द्र यादबले संयुक्त रूपमा कप प्रदान गरेका थिए ।

यसैगरी शनिबारै सम्पन्न वडा ७ मंसापुर र वडा ३ सकरपुरा बिच भएको दोस्रो खेलमा सकरपुरालाई ३५ रनले पराजित गर्दै मंसापुर बिजयी भएका छन । टस जितेर वडा ७ मंसापुरले निर्धारित १५ ओभरमा ७ बिकेट गुमाई १ सय ४८ रनको योगफल खडा गरेका थिए । जसमा उत्कृष्ट ब्याटिंग गर्दै धिरज मण्डलले सर्वाधिक ५७ रन बनाएका थिए । यसैगरी दिपक मण्डल २३ र देवकी नन्दन मण्डल १६ रन बनाएका थिए ।

बलिङ तर्फ वडा ३ सकरपुराका अमित मण्डल ३ बिकेट,राजु सिँह र कुनाल मण्डल १/१ बिकेट लिएका थिए । जवाफमा सकरपुराले १५ ओभरमा ९ बिकेट गुमाई १ सय १३ रन मात्र बनाउन सकेका थिए । जसमा राजकुमार मुखिया १८, बिजय मुखिया १७ अविजित र मुकेश मण्डलले १६ रन, नन्दन झा ११ रन बनाएपनि जित हात पार्न सकेन । बलिङतर्फ वडा ७ मन्सापुरका देवकी नन्दन, धिरज मण्डलले समान्य २/२ बिकेट र चेतन यादब, राजकुमार मण्डल, दिपक मण्डल १/१ बिकेट लिएका थिए ।

खेलको प्लेयर अफ दि म्याच धिरज मण्डल घोषित भएको प्रतियोगिता संयोजक ज्ञानेन्द्र कुमार यादबले जानकारी दिए ।

शनिवार स्थानिय कट्टी माबिको खेलमैदानमा तिलाठी कोईलाडी गाउपालिकाको आयोजना तथा सप्तरी क्रिकेट संघ र एम्पायर तथा स्कोरर सँघको समन्वयमा पालिका स्तरिय प्रतियोगिता सुरू भएको हो । उक्त अवसरमा वडा २ का अध्यक्ष कमल कुमार मण्डल, वडा ४ का अध्यक्ष मुनीलाल मण्डल, वडा १ वडा सदस्य चन्दन कुमार झा, पालिका योजना शाखा प्रमुख दिपक मण्डल, आईटी शाखा प्रमुख अवजित सिँह प्रशासन प्रमुख जिवछ लाल मण्डल, स्वास्थ शाखाका महेश साह, उमेश मण्डल,वडा ७ का वडा सचिव ब्रहमदेव मण्डल, वडा ८ का वडा सचिव सन्तलाल मण्डल, सप्तरी क्रिकेट सँघका उपाध्यक्ष निरज सिंह, क्रिकेट संघका सचिव चन्दनकुमार यादब, संचारकर्मी भूषण सिंह, लगायतको उपस्थिति रहेको थियो ।

# माओवादी केन्द्र र नेसपा एक हुँदै

**काठमाडौं**/नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल समाजवादी पार्टी (नेसपा) बीच एकता गर्ने सहमति भएको छ ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा केन्द्र र समाजवादी पार्टी केन्द्रीय समितिको एकता संयोजन समितिको बैठकले उक्त निर्णय गरेको हो ।

नेपाल समाजवादी पार्टीका महासचिव रमेशप्रसाद यादव र नेकपा ( माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले बैठकपछि संयुक्त रूपमा जारी गरेको प्रेस विज्ञप्तिअनुसार एकीकृत पार्टीको नयाँ नामका सन्दर्भमा आगामी महाधिवेशनमा टुङ्गो लगाउने निर्णय भएको छ ।

पार्टी एकताका लागि वैचारिक एकरुपता र सङ्गठनात्मक तयारी गर्न कार्यदल गठन गरिएको छ । कार्यदलमा नेकपा (माओवादी केन्द्र) का तर्फबाट महासचिव गुरुङ र उपमहासचिव जनार्दन शर्मा तथा नेपाल समाजवादी पार्टीका तर्फबाट सहअध्यक्ष गङ्गानारायण श्रेष्ठ र महासचिव यादव रहनुभएको छ ।

बैठकमा माओवादी केन्द्रका तर्फबाट अध्यक्ष दाहाल, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र महासचिव गुरुङ तथा समाजवादी पार्टीबाट अध्यक्ष महिन्द्र राय यादव, सहअध्यक्ष श्रेष्ठ र महासचिव यादव सहभागी थिए ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**


**विष्णुपुर गाउँपालिका, सप्तरी**


# मिटरब्याजीको आरोपमा भगत पक्राउ

**राजविराज**/सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर बस्ने परमानन्द भगत मिटरब्याजीको आरोपमा पक्राउ परेका छन् ।

अदालतबाट परमादेशपछि ईलाका प्रहरी कार्यालय कल्याणपुरले गत शुक्रवार भगतलाई नियन्त्रणमा लिएको हो । उच्च अदालत जनकपुर-राजविराज इजलासमा जाहेरी परेको थियो ।

उनलाई ठगी तथा आपराधिक विश्वासघात मुद्दामा आइतवार म्याद थप गरि अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय कल्याणपुरका प्रहरी निरिक्षक शुभेष अधिकारीले जानकारी दिए ।

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*